रुन्टीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

झेनाम (होलेरी), रोल्पा

५ नं. प्रदेश नेपाल

सूचना प्रकाशित मिति : २०७५/९/५

## सिलवन्दी दरभाउ-पत्र सम्वन्धि सात दिने सूचना

यस गाउँपालिका अन्तर्गत होलेरी वजार क्षेत्रमा उत्पादन भएको फोहर संकलन गरी ल्यान्डफिल साईट सम्म पुऱ्याइ विसर्जन गर्ने कार्य देहायका शर्तहरुको अधिनमा रही प्रतिस्पर्धात्मक विधिवाट गर्नु पर्ने भएकाले सूचना प्रकाशीत भएको मितिले सात दिन भित्र कार्यालय समयमा सिलवन्दी दरभाउ-पत्र दर्ता गराउनहुन यो सूचना प्रकाशन गरिएको छ ।

देहाय :

| सि.नं. | विवरण | अधिकतम स्वीकृत रकम प्रतिपटक रु | अक्षेरुपी | कैफिएत |
|---|---|---|---|---|
| १ | फोहर संकलन, ढुवानी तथा विसर्जन (व्यवस्थापन) कार्य | ५०००। | पाँच हजार मात्र । | |

शर्तहरु :

१) उल्लेखित कार्यका लागि फर्म वा व्यक्ति दुवै योग्य हुनेछन ।

२) फर्मको हकमा फर्म दर्ता, नविकरण तथा कर चुक्ता भएको हुनु पर्नेछ ।

३) व्यक्तिको हकमा फोहर ढुवानी गर्ने साधन ट्र्याक्टर वा ट्रिप्पर स्वामित्वमा भएको वा भाडामा लिएको संझौता पत्र हुनुपर्ने छ । त्यस्तो साधन यातायात व्यवस्था कार्यालयबाट नविकरण भएको हुनुपर्ने छ ।

४) उल्लेखित रकम अधिकतम रकम भएको हुदा सिलबन्दी दरभाउ पत्र मार्फत सबैभन्दा कम रकम कवोल गर्ने व्यक्ति वा फर्मलाई मुल्याकंन विधिवाट छनौट गरिने छ ।

५) फोहर संकलन,विसर्जन गर्ने कार्य (ज्यामि समेत) र ढुवानी (ईन्धन समेत ) सम्पूर्ण कार्य उल्लेखित रकमबाटै सम्पन्न गर्नु पर्ने छ ।

६) गाउँ पलिकाको कार्यालय, पुरानो बजार (भित्री बजार) र नायाँ बजार (जुरनेटा) लागाएत सम्पुर्ण बजार क्षेत्रबाट फोहर संकलन गर्नु पर्ने छ । यसरी फोहर संकलन गर्दा संकलन कार्यको स्थान, दुरी र उठाउने अवधि (रोकिने समय) संझौतामा उल्लेख भएमोजिम हुनेछ ।

७) सातामा दुईपटक फोहर संकलन गरि विसर्जन गर्नुपर्ने छ । फोहर संकलन गर्ने वार पछि संझौतामा उल्लेख भए बमोजिम हुने छ ।

८) उल्लेखित कार्य संझौता भए पश्चात २०७६ असार मसान्त सम्म बढीमा ५२ (बाउन्न) पटक सम्म कायम रहने छ ।

९) सिलवन्दी दरभाउ पत्र फाराम रु १०००। (एक हजार) दस्तुर तिरी रुन्टीगढी गाउँपालिका कार्यालय, सारसफाई ईकाईबाट प्राप्त गर्न सकिने छ ।

१०) दरभाउ-पत्र स्वीकृत भएमा स्वीकृत भएको रकमको १० (दश) प्रतिशत जमानत बुझाए पश्चात संझौता गरिने छ ।

११) अन्य कुराको हकमा प्रर्चलित ऐन, नियम अनुसार हुने छ ।

प्रमुख प्रशासकीय अधिकृत